# जिल्ला समन्वय समितिको कार्यालय, रामेछाप
## मन्थली
## प्रदेश नम्बर ३ नेपाल

पत्र संख्याः- २०७५/७६ (क.प्र.)
चलानी नं. :- ७१

मितिः-२०७५/४/९

विषयः- विवरण पठाइएको सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशास्न मन्त्रालय,
स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमण्डौ ।

प्रस्तुत विषयमा तहाँको प.सं. ०७५/७६ च.नं. ०३, मिति ०७५/४/३ गतेको पत्रानुसार यस कार्यालयबाट आर्थिक वर्ष ०७४/७५ मा सम्पादन भएका कार्यहरु मध्ये केही सृजनात्मक कार्यहरुको संक्षिप्त विवरण तपसिल वमोजिम तयार गरी पठाइएको व्यहोरा अनुरोध छ ।

| आ.व. ०७४/७५ मा भएका नवीनतम्/सिर्जनात्मक कार्यहरु | आ.व. ०७४/७५ मा सम्पादन गरिएका कार्यहरुबाट परेको प्रभाव/असरहरु |
|---|---|
| • स्थानीय तह, विषयगत कार्यालय तथा गैर सरकारी संस्थाहरुको वार्षिक वजेट कार्यक्रम लगायत जिल्लाका समसामयिक विषयहरुका सम्वन्धमा स्थानीय तह, विषयगत कार्यालय, गैरसरकारी संस्था लगयत सम्वद्ध सरोकारवाला निकायहरुको वृहत उपस्थितिमा मिति ०७४/९/२४ मा जिल्ला समन्वय वैठक आयोजना गरिएको । | • विकास निर्माण लगायतका कार्यहरुमा समन्वयात्मक ढंगले अगाडी वढ्ने अवस्था सृजना भएको । |
| • स्थानीय तह, विषयगत कार्यालय तथा गैर सरकारी संस्थाहरुबाट आ.व. ०७४/७५ मा सञ्चालन भए गरेका विकास आयोजना तथा कार्यक्रमहरु लगायत स्थानीय तहको समग्र अवस्थाको अनुगमन गर्नका लागि अनुगमनका सूचकहरु निर्धारण गरी ती सूचकहरुलाई जिल्ला सभाको वैटकबाट स्वीकृत गराई सोहीसूचकहरुका आधारमा जिल्लाका सबै ८ वटै स्थानीय तहहरुमा अनुगमन कार्य सम्पन्न गरिएको । | • निर्धारित समय सीमा भित्र विकास आयोजनाहरु सम्पन्न गर्न र निर्माण कार्यमा प्रभावकारिता एवं गुणस्तरीयता कायम गर्न अभिप्रेरित गरेको । |

...............
(राजेन्द्र कुमार के.सी.)
जिल्ला समन्वय अधिकारी